नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २४ २०८१ साल साउन ३० गते बुधबार (14 Aug. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : डेङ्गी र हैजा महामारीका रूपमा.. ३ पृष्ठमा : पत्रकार झालाई स्वास्थ्य ... ३ पृष्ठमा अमेरिकाद्वारा हसिनाको आरोप..

## ट्रक दुर्घटनामा चालकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथमा मंगलबार बिहान एक ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ट्रक चालक मोरङको उर्लाबारी नगरपालिका १ बस्ने २५ वर्षिय सबिन राई छन् ।

वडा नं. ५ स्थित सो राजमार्गमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको मधेश प्रदेश-०३-००१ख८१८१ नं. को क्लिङकर लोड गरेको ट्रक पुलबाट तल खस्दा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

क्रेन र जेसिबिको मद्दतले पल्टिएको ट्रकलाई सोझो पारी थिचिएका चालकको शव निकालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपाने बताए । ट्रक के कारणले दुर्घटना भयो, यकिन नभएपनि बिहानको समयमा चालक निदाएको हुन सक्ने र अनियन्त्रित भई दुर्घटना भएको प्रहरीको अनुमान छ ।

मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल पठाई दुर्घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पत्रकारमाथी भएको दुर्व्यवहारप्रति चार पत्रकार संगठनद्वारा वार्ता र सम्वादको माध्यमबाट समस्या समाधानका लागि आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सप्तरीका पत्रकारहरुमाथी राजगढ गाउँपालिकामा भएको दुर्व्यबहार घटनाप्रति जिल्लाका चार पत्रकार संघ संगठनहरुले वार्ता र सम्वादको माध्यमबाट समस्या समाधानका लागि आग्रह गरेको छ ।

नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल र प्रेस सेन्टर सप्तरीका उपाध्यक्ष बिन्दु यादवद्वारा मंगलबार जारि संयुक्त विज्ञप्ति मार्फत सो आग्रह गरिएको हो ।

जारि विज्ञप्तिमा भनिएको छ, "नेपाल पत्रकार महासंघको नेतृत्वमा दुवै पक्षलाई वार्तामा बस्न र हाम्रा पीडित पत्रकार साथीहरुलाई न्यायको अनुभूती हुने गरी समस्याको समाधान खोज्न आग्रह गर्दछौं ।"

विज्ञप्तिमा "कानूनले पनि सामाजिक न्यायलाई नै पहिलो प्राथमिकतामा राख्ने गरेको हाम्रो देश र समाजको परिवेशमा सामाजिक न्याय मै जानु उत्तम रहने भएको महसुश गरी वार्ता र सम्वादको माध्यमले हाम्रा पीडित पत्रकार साथीहरुलाई न्यायको अनुभूती गराउन सरोकारवाला सबै पक्षमा यसै विज्ञप्ति मार्फत आग्रह गर्दछौं ।" उल्लेख छ ।

गत साउन २२ गते राजगढ गाउँपालिका सप्तरीमा समाचार संकलनका लागि पुगेका नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वास, कोषाध्यक्ष नवीन कुमार गुप्ता र सदस्य विद्यानन्द राम संग त्यस गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मंडल सहित ६ जनाले गरेको दुर्व्यहारप्रति विज्ञप्तिमार्फत पुनः खेद व्यक्त समेत गरिएको छ ।

यसअघि गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले पत्रकार साथीहरुसंग अप्रत्यासित रुपमा भएको घट्नाप्रति दुःख व्यक्त गर्दै वार्ता र सम्वादको माध्यमबाट समस्याको समाधान गर्न आग्रह सहितको प्रेस विज्ञप्ति जारी गरेको साथै जिल्ला समन्वय समिति सप्तरीले पनि राजगढ गाउँपालिकामा पत्रकारहरुसंग भएको दुःखद घट्ना प्रति दुःख व्यक्त गर्दै वार्ता र सम्वादको माध्यमबाट निकास खोज्न प्रेस विज्ञप्ति मार्फत आग्रह गरेको थियो ।

## मधेश प्रदेशका ८ राज्यमन्त्री पदमुक्त

**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

मधेश प्रदेश सरकारले आफ्ना ८ जना राज्यमन्त्रीलाई मंगलबार पदमुक्त गरेको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशमा १२ मन्त्री र ८ जना राज्यमन्त्री गरेर २० जना मन्त्री बनाएपछि चौतर्फी आलोचना भइरहेकोको बेला राज्यमन्त्रीहरुलाई पदमुक्त गरिएको हो ।

नेकपा (एमाले) का तीन, नेपाली कांग्रेस र जनमतका दुई/दुई जना र लोसपाका एक राज्यमन्त्री थिए । अब भने मधेश प्रदेश सरकारमा कांग्रेसका चार, एमालेका चार, जनमतका मुख्मयन्त्रीसहित तीन र लोसपाका एक जना गरी १२ जना मन्त्री छन् ।

प्रदेश सरकारप्रति यसै पनि आमरूपमा गलत धारणा फैलिइरहेका बेला ८ जना राज्यमन्त्री नियुक्त गरेको भन्दै सत्तारूढ नेपाली कांग्रेसका नेताहरू शेखर कोइराला, नैनसिंह महरलगायतले केन्द्रीय समिति बैठकमै आलोचना गरेका थिए । सोही विषयमा जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण समेत सोधेको थियो ।

## जसपा नेपालले संगठन विस्तारको चार महिने अभियान सञ्चालन गर्दै

काठमाडौँ, २९ साउन (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले सङ्गठन विस्तारको चार महिने अभियान सञ्चालन गर्ने भएको छ । पाँच लाख नयाँ सङ्गठित क्रियाशील सदस्य थप्ने लक्ष्यसहित आगामी भदौ पहिलो सातादेखि मङ्सिर मसान्तसम्म आधारभूत सङ्गठन निर्माण अभियान सुरू गर्ने जनाएको हो ।

सङ्घ र प्रदेश सरकारबाट बाहिर रहेको जसपा नेपालले सिंगो पार्टी पंक्ति आगामी चार महिनासम्म विशुद्ध सङ्गठन निर्माणमा होमिन लगाउने र त्यसका लागि केन्द्रीय नेतृत्वलाई एक दिवसीय प्रशिक्षणसमेत दिइएको

*बाँकी दुई पृष्ठमा*




## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### दुर्घटना न्युनिकरणको अझै प्रयास आवश्यक

मुलुकभरि सडक दुर्घटना बढेको छ । सडक दुर्घटनाका कारण वर्षमा हजारौं व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको छ । मुलुक भित्र रहेको बाटोघाँटोको समस्या तथा बाटो भएपनि साँघुरो तथा टेडोमेडो बाटोका कारण सडक दुर्घटना हुने गरेको पाइन्छ । तर त्यो भन्दा पनि बढी सवारीसाधन चलाउने चालकको लापरवाही अत्याधिक भएको पाइएको छ । चालकले मनपर्दी तरीकाले सवारी चलाउने गरेको तथा सवारी चलाउदा अत्याधिक गतिमा तथा मोवाइलमा कुरा गर्दै, मादक पदार्थ सेवन गरि र सवारीको क्षमताभन्दा बढी यात्रु बोकेर चलाउने गरेको पाइएको छ ।

पूर्वपश्चिम राजमार्ग भन्दा पनि भित्री राजमार्ग, काठमाडौं, पोखरा तथा अन्य पहाडी क्षेत्र जाने बाटोमा चाहे भन्दा बढी र भौगोलिक क्षेत्रको आधारमा मोडहरु बढी रहेको छ । बाटो निर्माण गर्दा मोडहरुलाई फराकिलो गर्ने तर्फ ध्यान नदिनु, राजमार्ग क्षेत्रमा प्रहरी प्रशासनले सवारी चालकमाथी कारवाही नगर्नु जस्ता कारणले पनि सवारी दुर्घटना बढ्न गएको हो ।

सवारी चालक र प्रशासनको हेलचक्राई अल्पआयुमै यात्रुहरुको ज्यान जाने प्रति सम्बन्धित निकायले कडा कारवाहीको कदम नचाल्नुले दुर्घटनामा कमी आउन सकिरहेको छैन् । तसर्थ सरकारले सवारीसाधनहरुलाई मापदण्ड तोकेर र कडाईका साथ कारवाही प्रक्रिया अघि बढाउनु र जनचेतना दिएर भए पनि सवारी दुर्घटनालाई न्यूनिकरण गर्न तर्फ ठोस नीति ल्याउनु आवश्यक छ ।

# डेङ्गी र हैजा महामारीका रूपमा फैलन नदिन स्वास्थ्य मन्त्रालयको सक्रियता

काठमाडौँ, २९ साउन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशका विभिन्न भागमा हैजा तथा डेङ्गीको सङ्क्रमण देखिन थालेपछि यसलाई महामारीका रूपमा बढ्न नदिन काम थालेको छ ।

मन्त्री प्रदीप पौडेलले डेङ्गी तथा हैजाका बिरामी बढ्न थालेपछि मन्त्रालयका तर्फबाट तत्काल प्रभावकारी कदम चाल्न निर्देशन दिनुभएको छ । त्यसलगत्तै मन्त्रालयले तत्कालीन र दीर्घकालीन कदम अघि बढाएको हो । मन्त्रालयका अनुसार हैजा नियन्त्रणका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा प्रदेश र स्थानीय तहसँग सहकार्य गर्दै प्रभावित क्षेत्रमा द्रुत प्रतिकार्य टोली परिचालित भएर काम गरिरहेको छ ।

टोलीहरूले बिरामीको खोजी र प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिमा लक्षणको निगरानी गरिरहेका छन् । यसले हैजा थप फैलन नदिन र सङ्क्रमण देखिएको स्थानमा पनि नियन्त्रण गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ । पानीका कारण देखिने रोग नियन्त्रणका लागि खानेपानीको गुणस्तर सुधार गर्न सम्बन्धित स्थानका जिम्मेवार सरोकारवालासँग छलफल गरेर तत्काल काम थालिएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

आगामी दिनमा थप समस्या आउन नदिन केन्द्रीय, प्रदेश तथा स्थानीय तहमा र खाद्य गुणस्तर निगरानी तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने योजना बनाएको मन्त्रालयले राष्ट्रिय हैजा नियन्त्रण/रोकथाम योजना २०२४-२०३० बनाई सो सम्बन्धी आवश्यक कार्य गर्ने तयार गरिरहेको छ ।

**डेङ्गी फैल्न नदिन लामखुट्टे नियन्त्रणमा जोड**

देशका विभिन्न भागमा लामखुट्टेका कारण फैलिएको डेङ्गी प्रकोप नियन्त्रणका लागि लामखुट्टे नियन्त्रणमा प्राथमिकता दिइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यसका लागि सातै प्रदेशमा डेङ्गी परीक्षणका लागि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको मन्त्रालयले उल्लेख गरेको छ ।

डेङ्गी नियन्त्रणका लागि विनियोजित रु १० करोडबाट प्रदेशसँगै स्थानीय तहमा समेत लामखुट्टेको बासस्थान नियन्त्रण अभियानलाई तीव्रता दिइएको मन्त्रालयले उल्लेख गरेको छ । प्रशिक्षण दिएका एक हजार चिकित्सक तथा स्वास्थ्यकर्मीलाई नियन्त्रण एवं निदानमा परिचालन गरेको मन्त्रालयले सङ्घीय अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजमा डेङ्गी नियन्त्रणका लागि सम्पर्क व्यक्ति तोकेर समस्या देखिएमा तत्काल रोकथामको कदम चाल्ने प्रबन्ध गरेको जनाएको छ ।

हालसम्म, मुस्ताङ, डोल्पा, हुम्ला र जुम्लाबाहेक ७३ जिल्लामा तीन हजार तीन सयभन्दा बढी मानिसमा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ । त्यसमा एकजनाको मृत्यु भएको छ । डेङ्गी नियन्त्रणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई सुदृढ गर्न मन्त्रालयले डेङ्गी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१ तयार गरी सबै प्रदेश र स्थानीय तहमा पठाइसकेको छ ।

मन्त्रालयले बढी जोखिम देखिएका १३ जिल्लाका एक सय २६ स्थानीय तहमा डेङ्गी नियन्त्रणका लागि विशेष प्राथमिकता दिएर अल्पकालीन र दीर्घकालीन योजनासमेत तयार पार्न प्रक्रिया थालेको छ । हाल डेङ्गी नियन्त्रणमा मन्त्रालयले डेङ्गीबारे जनचेतना फैलाउन नेपाली भाषासहित १३ अन्य भाषामा रेडियो सन्देश प्रसारण गरिरहेको छ । साथै बिरामीका समस्या र जिज्ञासा समाधान गर्न टोल फ्री हटलाइन ११११५ सञ्चालन गरिएको छ । मन्त्रालयले डेङ्गी परीक्षणका लागि पर्याप्त नि:शुल्क किट उपलब्ध गराउँदै जोखिममा रहेका जिल्लामा डेङ्गी रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ समेत कार्यान्वयनमा ल्याएको छ ।

### जसपा नेपालले ...

जनाएको छ ।

यस्तै, ललितपुरको महालक्ष्मीस्थान-६ सानोगाउँस्थित थसी ब्याक्वेटमा आइतबारदेखि जारी पार्टीको केन्द्रीय समिति बैठक जारी छ । बैठकको दोस्रो दिन सोमबार दुई सय १५ जना केन्द्रीय सदस्यलाई सङ्गठन निर्माण अभियानबारे प्रशिक्षण दिइएको छ ।

केन्द्रीय सदस्यलाई प्रशिक्षण दिनुहुँदै अध्यक्ष यादवले आगामी चार महिनासम्म सङ्गठन निर्माण, विस्तार, शुद्धिकरण र सुदृढीकरण अभियानमा होमिन सम्पूर्ण पार्टी पंक्तिलाई निर्देशन दिनुभयो । 'जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण' नाम दिइएको अभियानलाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन सक्रिय भएर लाग्न अध्यक्ष यादवले आह्वान गर्नुभयो ।

सङ्गठनलाई चुस्तदुरुस्त र बलियो बनाउन, उत्पीडित समुदायको हकअधिकारको पैरवी गर्ने उद्देश्यले अभियान सुरू गर्न लागिएको उहाँको भनाइ थियो । "यो केन्द्रीय समिति बैठकले आगामी अभियान सञ्चालन गर्न समयावधि निर्धारण गर्ने र केन्द्रीय सदस्यलाई जिल्ला, महानगर, नगरलगायत स्थानीय तहको अभियन्ताको रूपमा जिम्मेवारी दिएर पठाउँछौं", अध्यक्ष यादवले भन्नुभयो ।

देशव्यापी रूपमा जनपरिचालन अभियान, जसमा सदस्यता वितरण, सङ्गठन निर्माण र परिचालन, प्रशिक्षण, सेमिनार, गोष्ठी, जनसभालगायत आवश्यक कार्यक्रम तय भएको जसपा नेपालले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569





अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# पत्रकार झालाई स्वास्थ्य बीमा वापतको सुविधा रकमको चेक हस्तान्तरण



दैनिक समाचारदाता
जनकपुरधाम, २९ साउन ।

जनकपुरधामस्थित जनकपुर एफ.एम.मा कार्यरत पत्रकार निभा कुमारी झालाई स्वास्थ्य बीमा वापतको सुविधा रकमको चेक हस्तान्तरण गरिएको छ ।

आमसञ्चार प्राधिकरणको कार्यालयमा प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले उनलाई मंगलबार २३ हजार ५ सय ४५ रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् ।

हाल २९ वर्षिया उनी जनकपुर एफ.एम. १०१.८ मेगाहर्जमा समाचार वाचिकाको रुपमा कार्यरत छिन् । केपी खबर डट्कम्को स्यानेजिङ्ग डायरेक्टरको रुपमा समेत कार्यरत रहेकी उनी विगत ९ वर्षदेखि सञ्चारक्षेत्रमा सक्रिय छिन् । गत चैत्रमा सिकिस्त बिरामी भई प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना भई धरान स्थित बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रेडियोकर्मी झाको थप उपचार गरिएको थियो ।

मधेश प्रदेश प्रदेश सरकारको मन्त्री परिषद्बाट पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी कार्यविधि २०७९ पारित गरेको थियो । सोही अनुसार आमसञ्चार प्राधिकरणले आर्थिक वर्ष २०७९/०८० मा जीटुजी पोलिसी अन्तर्गत सरकारी बीमा कम्पनी राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग मधेश प्रदेशका एक सय १० जना पत्रकार महिलाहरुको बीमा गरेको थियो ।

सुरुका दुई वर्षसम्म प्राधिकरणले प्रदेशका पत्रकार महिलाहरुलाई पत्रकारिता क्षेत्रमा प्रोत्साहन गर्ने उद्देश्यका साथ एक लाखको स्वास्थ्य बीमा र सात लाखको दुर्घटना बीमा गर्दैआएकोमा गत आ.ब.मा बजेट कटौती गरिएपछि कार्यक्रम प्रभावित भएको प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए । उनका अनुसार चालु आ.व.२०८१/०८२ को बजेटमा भने मधेश प्रदेशका सम्पूर्ण पत्रकारहरुको बीमा गर्ने गरी ३० लाख रुपैयाँ बिनियोजन गरिएको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको निकायको रुपमा रहेको प्राधिकरणले गरेको बीमा कार्यक्रमबाट नेपाल पत्रकार महासंघकी सदस्य समेत रहेकी रेडियो पत्रकार रञ्जना खतिवडालाई २६ हजार ६ सय ७३ रुपैयाँको चेक हस्तान्तरण गरिएको थियो ।

प्राधिकरणका कम्प्युटर अधिकृत प्रसन्नराज कर्णका अनुसार बीमाको सुविधा रकम उपलब्ध गराउनका लागि थप दुई जना पत्रकार महिलाको नाम राष्ट्रिय बीमा कम्पनी लिमिटेड जनकपुरधाम कार्यालयलाई सिफारिस गरिएको छ । उक्त रकमको चेक आए लगत्तै हस्तान्तरण गरिने अधिकृत कर्णले जानकारी दिए ।

# निर्वाचन आयोगद्वारा स्थानीय तहमा उपनिर्वाचनको तयारी सुरु

काठमाडौं, २९ साउन (रासस) ।

निर्वाचन आयोगले स्थानीय तहमा उपनिर्वाचनको तयारी सुरु गरेको छ । नगरपालिका प्रमुख, उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष गरी रिक्त रहेका ३४ पदका लागि उपनिर्वाचनको तयारी सुरु भएको जनाएको छ ।

आयोगले मंगलबार एक सूचना जारी गर्दै उपनिर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान गरेको छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम रिक्त पदमा पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा उपनिर्वाचन हुने व्यवस्था छ ।

आयोगका प्रवक्ता रघुराम विष्टले गाउँपालिका तथा नगरपालिकाका यस्ता पदहरू रिक्त हुँदा आम नागरिकलाई सेवा प्राप्तिमा असुविधा हुने विषयलाई समेत मध्यनजर गर्दै उपनिर्वाचनका लागि आयोगले आन्तरिक तयारी गरिरहेको जानकारी दिनुभयो ।

“निर्वाचनका लागि मतदाता नामावली आधारभूत तत्व रहेको र मतदाता नामावली ऐन, २०७३ को दफा ४ (२) बमोजिम निर्वाचनको मिति तोकिएपछि मतदाता नामावलीमा नाम दर्ता स्थगित गर्नुपर्ने कानूनी व्यवस्था छ”, सूचनामा भनिएको छ, “उपनिर्वाचनको मिति घोषणा गर्नुपूर्व मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्न सबैमा आग्रह गर्दछ ।”

आयोगले आफूलाई पायक पर्ने प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा अनलाइन फारामभरी नियमित रूपमा मतदाता नामावली दर्ताको व्यवस्था मिलाएबमोजिम योग्यता पुगेका सबै नेपाली नागरिकलाई नाम दर्ता गर्न आह्वान गरेको हो ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

सुरुङ्गा नगरपालिका
सप्तरी



जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

“सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ”



अनुरोधकर्ता : हनुमानगर कंकालिनी नगरपालिका, सप्तरी


## विश्व समाचार

### अमेरिकाद्वारा हसिनाको आरोप अस्विकार

वासिङ्टन, २९ साउन (रासस/एएफपी) ।

बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्नमा आफ्नो कुनै संलग्नता नरहेको जनाउँदै हसिनाले अमेरिकालाई लगाएको आरोप झुटो भएको ह्वाइट हाउसले सोमबार जनाएको छ ।

हसिनाको बर्हिगमनमा अमेरिकी हस्तक्षेपको आरोपबारे सोधिएको प्रश्नको जवाफमा ह्वाइट हाउसका प्रेस सचिव करिन जिन-पियरेले अमेरिकाको कुनै संलग्नता नरहेको प्रष्ट पार्नु भएको हो ।

बङ्गलादेशको राजनैतिक परिवर्तन बङ्गलादेशी जनताको छनोट रहेको बताउदै उहाँले बङ्गलादेशी जनताले नै आफ्नो सरकारको निर्माण र विघठनको गर्नु पाउनु पर्छ भन्ने पक्षमा अमेरिका रहेको बताउनुभयो ।

हसिनाका छोरा तथा पूर्व सरकारी सल्लाहकार सजीब वाजेद जोयले अज्ञात विदेशी शक्तिले बङ्गलादेशको विरोध प्रदर्शनलाई समर्थन गरेको आरोप लगाउनु भएको थियो । यद्दपी उहाँले कुनै प्रमाण भने पेश गर्नु भएको थिएन ।

मे महिनामा हसिनाले विदेशी शक्तिलाई बङ्गलादेश सरकारलाई सैन्य विमानस्थल (एयरबेस) निर्माण गर्न अनुमति नदिएपछि आफू विरुद्ध षड्यन्त्र गरिरहेको आरोप लगाउनु भएको थियो ।

संयुक्त राज्य अमेरिकाको सामान्यतया बङ्गलादेशसँग मैत्रीपूर्ण सम्बन्ध छ । यद्दपी हालको अवस्थामा बङ्गलादेश र अमेरिकाबीच आरोप प्रत्यारोपको श्रृङ्खला चलिरेको देखिन्छ ।

बङ्गलादेशमा हसिनाको सरकार अपदस्थ भएपछि हाल नोबेल पुरस्कार विजेता मुहम्मद युनुस अन्तरिम सरकारको प्रमुखको रूपमा रहनुभएको छ ।

### बङ्गलादेशमा विरोध प्रदर्शनका क्रममा आगो लगाइएको ‘सेतु भवन’ निर्जन अवस्थामा

ढाका, २९ साउन (रासस/एएनआई) ।

बङ्गलादेशको सडक यातायात तथा पुल व्यवस्था मन्त्रालयका अधिकारीहरूले देशमा हाले विद्यार्थी नेतृत्वमा भएको विरोध प्रदर्शनको क्रममा गम्भीर क्षति बेहोरेको सेतु भवनमा प्रवेश गर्न डराएको बताएका छन् ।

विरोध प्रदर्शनका क्रममा आक्रोशित विद्यार्थीहरूले मन्त्रालयको भवनमा आगो लगाएर सरकारी सम्पत्ति र यसको परिसरभित्र पार्क गरिएका सवारी साधनहरू तोडफोड गरेका थिए ।

आगलागीमा मन्त्रालयको प्रयोजनमा रहेको अनुमानित ६५ करोड मूल्यका सवारी साधनहरू जलाइएको अधिकारीहरुले बताएका छन् ।

यस घटनाले सेतु भवन भवनलाई जलेको र निर्जन संरचना बनाएको छ । भवनको क्षतिग्रस्त अवस्थाका कारण भवनभित्र प्रवेश गर्न डराएको र अस्थायी रुपमा बाहिरैबाट आफ्नो कर्तव्य पालन गरिरहेको मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

सरकारको आरक्षण प्रणालीको विरोधमा सुरु भएको प्रदर्शन ठुलो आन्दोलनमा परिणत भएको थियो जसले राजधानीमा रहेको सरकारी संस्थाहरूको सुरक्षा र स्थिरताको बारेमा गम्भीर चिन्ता खडा गर्यो ।

बङ्गलादेशको प्रमुख पत्रिका प्रोथोमआलोले “जुलाई १८ मा सयौं उग्रवादिहरुले सेतु भवनमा आक्रमण गरी नराम्ररी तोडफोड गरेर आगो लगाएका छन् र भवनबाट सरकारी सम्पत्ति लुटेका छन्” भनी जुलाई २७ मा जानकारी गराएको थियो ।

प्रदर्शनकारीले सवारीसाधन तोडफोड गरी आगो लगाएको र कर्मचारीलाई समेत कुटपिट गरेको दैनिक पत्रिका प्रोथोमआलोले जनाएको थियो ।

उग्र विरोध प्रदर्शनको फलस्वरुप प्रधानमन्त्री शेख हरसिनाले पदबाट राजीनामा दिनुभएको हो । हाल नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बङ्गलादेशको अन्तरिम सरकारले बिहीबार शपथ लिएको छ ।

### युक्रेनी आक्रमणपछि रुसका ११ हजार बासिन्दालाई सुरक्षित स्थानमा सारियो

मस्को, २९ साउन (रासस/सिन्ह्वा) ।

रूस र युक्रेनबीच बढ्दो द्वन्द्वका बीच पछिल्लो समय युक्रेनले रूसी सीमा क्षेत्रमा आक्रमण बढाएको छ । युक्रेनको बढ्दो आक्रमक गतिविधिका कारण रुसको सिमावर्ती बेलगोरोड क्षेत्रको क्रास्नोयारुज्स्की जिल्लाबाट करिब ११ हजार मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको क्षेत्रीय गभर्नर व्याचेस्लाव ग्लेडकोभले मङ्गलबार जनाउनुभएको छ ।

उहाँका अनुसार विस्थापित मध्ये लगभग एक हजार मानिसहरु हाल अस्थायी आवास केन्द्रहरूमा बसिरहेका छन् ।

“बिग्रदो सुरक्षा अवस्थाका कारण सोमबार आफ्नो घर छोडेका क्रास्नोयारुज्स्की जिल्लाका विस्थापितलाई खानबस्न लगायतका न्युनतम आवश्यकताका सामानहरु प्रदान गरी सुरक्षित स्थानमा राखिएको छ”, ग्लेडकोभले भन्नुभयो ।

यसै क्रममा उहाँले वर्तमान स्थितिमा चाँडै सुधार भई विस्थापितहरुलाई छिट्टै घर फर्कन अनुमति जारी गरिने आशा व्यक्त गर्नुभयो ।

# बलान नदीको डिलमा बृक्षारोपण



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

२५औं अन्तराष्ट्रिय युवा दिवसको अवसरमा मंगलबार सप्तरीको बलान बिहुल गाउँपालिका र युवा संजालको अगुवाईमा बृक्षारोपण गरिएको छ ।

गाउपालिका अध्यक्ष खेमचन्द्र यादबले हुलाकी राजमार्गस्थित बलान नदिको डिलमा बिरुवा रोपेर बृक्षारोपण कार्यक्रम शुभारम्भ गरे ।

बृक्षारोपणको शुभारम्भ गर्दै अध्यक्ष यादबले बृक्षारोपण जलबायु परिवर्तको अवसरबाट जोगिन मद्दत गर्ने भएकोले यस बर्ष गाउँपालिकाले निजी बन लगाउन प्रोत्साहन गर्ने उद्देश्यले निजीबन प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न लागेको बताए ।

बलानबिहुल गाउपालिकाको समन्वयमा तथा युएसएआईडीको आर्थिक सहयोग र द एशिया फाउन्डेशन कार्यान्वयन संस्था र सबल नेपालद्वारा सञ्चालित नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत सिमान्तकृत समुदायका किशोर किशोरी, युवा, महिलाहरुको अधिकार अभियानका लागि गठित युवा सञ्जालले सो बृक्षारोपण कार्यक्रमको आयोजना गरेको हो ।

संजालका अध्यक्ष लक्ष्मी कुमारी रामको अध्यक्षतामा तथा पालिका अध्यक्ष खेमचन्द्रको सहभागितामा पालिकाको हुलाकी राजमार्ग बलान नदिदेखी बिहुल नदिको वरिपरि बिभिन्न ठाउहरूमा १ हजार भन्दा बढी बिभिन्न जातका बोटबिरूवाहरू रोपिएको जनाइएको छ ।

# सेनाद्वारा मधेस प्रदेशमा वृक्षरोपण अभियान संचालन

महोत्तरी, २९ साउन (रासस) ।

नेपाली सेनाले बृहत वृक्षरोपण अभियानअन्तर्गत मधेश प्रदेशमा यसवर्षको बर्खायाममा हालसम्म ६० हजारको सङ्ख्यामा वृक्षरोपण गरेको छ । मधेश प्रदेशमा प्रकृति संरक्षण र हरियाली प्रवर्द्धन सुरु गरिएको बृहत बृक्षरोपण अभियानमा पछिल्लो असार र साउनमा उक्त सङ्ख्यामा बृक्षरोपण गरिएको सेनाको मध्यपूर्वी पृतना हेडक्वाटर बर्दिबास महोत्तरीले जनाएको छ ।

सेनाले साउनको चौथो साताभित्र महोत्तरी र धनुषाको सीमाक्षेत्रमा पर्ने धनुषाको मिथिला-११ को मोतीखोला सामुदायिक वनक्षेत्र र बगरटोलमा गरी सात बिघा क्षेत्रफलमा १० हजारको सङ्ख्यामा वृक्षरोपण गरेको जनाएको छ । यहाँ गत बिहीबार मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहबाट बृक्षरोपण थालिएको थियो । यसअघि असारमा सिरहाको मिर्चैया-६, ७ को पर्ति जग्गामा ५० हजारको सङ्ख्यामा बृक्षरोपण रोपिएको पृतनाका सहायक रथी प्रकाशबहादुर चन्दले जानकारी दिनुभयो । वृक्षरोपण गरिएका दुवै ठाउँ चुरे क्षेत्र हुन् ।

चुरे मधेशको जीवन रहेको हुँदा यसको संरक्षणका लागि सघन वृक्षरोपण पहिलो अभिभारा रहेको सेनाको ठम्याइ छ । चुरेका प्राकृतिक स्रोत जमिन, पानी, चरनक्षेत्र र प्राणीको संरक्षण, जीविकाका लागि रुख बिरुवा अनिवार्य भएको सहायक रथि चन्दको भनाइ छ । रोपिएका बिरुवाहरूमा मलेसियन साल, टीक, खयर, अमला र बाँस छन् ।

वृक्षरोपणले अब वनक्षेत्र हराभरा बनाउन सहयोग पुग्ने मोतीखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खड्कबहादुर विश्वकर्माको विश्वास छ । वनक्षेत्र नजिकको पर्ती जग्गामा अमला रोपिएको छ । यसले बस्ती पसेर हैरान गर्ने बाँदरले केही वर्षभित्रै जङ्गलमै पर्याप्त भोजन पाउने आशा गरिएको छ । भिरालो जग्गामा रोपिएको बाँस झ्याङ्गिदै गएपछि पाखाको माटो बग्ने र पहिरो जाने क्रम पातलिने स्थानीय बताउँछन् ।

यो अभियान मधेशका आठै जिल्लामा सञ्चालन गरिने सहायक रथी चन्दको भनाइ छ । रोपिएका बिरुवाको संरक्षणका लागि काँडेतारको घेराबेरा र नियमित देखभाल गरिने सेनाले जनाएको छ ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


# सिम्रौनगढका एकै घरका तीन बालबालिकाको विशाक्त खानाले मृत्यु

पर्सा, २९ साउन (रासस) ।

बाराको सिम्रौनगढ नगरपालिका-७ झवानीका टोलका नरेश रामका तीन छोराछोरीको विशाक्त खाना (फुड पोइजनिङ)का कारणले मृत्यु भएको छ ।

बारा प्रहरीका अनुसार फुड पोइजनिङका कारणले तीनको मृत्यु भएको आशङ्का गरिएको छ । मृत्यु हुनेमा सात वर्षीया लालिमा राम, सात वर्षीया पुष्पा राम र पाँच वर्षीय रामनन्दन राम रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले आइतबार बेलुका माछा र भात खाएर सुतेका तीन बालबालिकाको फुड पोइजनिङका कारणले मृत्यु भएको बताउनुभयो ।

इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राईले परिवारका सबै सदस्यले एउटै चुलोमा पकाएको खाना खाए पनि बालबालिकामा मात्रै फुड पोइजनिङको समस्या देखिएको जानकारी दिनुभयो ।

प्रहरी निरीक्षक राईले तीन बालबालिकाले दिउँसोको समयमा अन्य केही खानेकुरा खाए कि सोही माछासहितको खानाको कारणले मृत्यु भयो भन्ने कुरा अहिलेसम्म नखुलेको बताउनुभयो । उहाँले मृतक बालबालिकाको घरमा कुनै पनि प्रकारको विषाधिजन्य औषधी नभेटिएको पनि जानकारी दिनुभयो ।

प्रहरी निरीक्षक राईले बालबालिकाको स्वास्थ्यमा समस्या देखिएसँगै परिवारका सदस्यहरूले सिम्रौनगढस्थित रामबाबुको पोलिक्लिनिकमा उपचारका लागि पुऱ्याएको बताउनुभयो । पोलिक्लिनिकले आफ्नोमा उपचार सम्भव नभएको बताएसँगै बाराको प्रादेशिक अस्पताल कलैया पुऱ्याइएको थियो । “तीन बालबालिकामध्ये एकजना सिकिस्त भएकाले प्रादेशिक अस्पताल कलैया पुऱ्याउने क्रममा नै मृत्यु भएको बताइएको छ”, प्रहरी निरीक्षक राईले भन्नुभयो, “प्रादेशिक अस्पतालले अन्य दुई बालबालिकाको स्वास्थ्य अवस्था गम्भीर देखिए पनि नेसनल मेडिकल कलेज वीरगञ्जमा रेफर गरेको थियो, अन्य दुई बालबालिकाको पनि नेसनल मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो ।”





## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*